# तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.
पत्र संख्या :

२०७७ फागुन २३

## १११ औं अन्तर्राष्ट्रिय नारी दिवस सन् २०२१ को अवसरमा हार्दिक शुभकामना !

सर्व प्रथम ८ मार्च अर्थात् १११ औं अन्तर्राष्ट्रिय नारी दिवस सन् २०२१ को अवसरमा सम्पूर्ण नारीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यो दिवसको बारेमा प्रष्टताका लागि हामीले विगत स्मरण गर्नु जरुरी छ, युरोप अमेरिकामा पूँजीवादको चरम विकासको प्रतिफलस्वरूप कलकारखानाहरू सञ्चालन हुन थालेपछि कृषि मजदुरहरू रोजगारीका लागि औद्योगिक क्षेत्रतर्फ लागे तर पूँजीवादी सरकार, उद्योगपतिहरूले मजदुरको हित र कल्याणमा ध्यान दिएनन् बरु दैनिक १८ घण्टा श्रमशोषण गरिरहे । यी मजदुरहरूमा महिला तथा बालबालिकासमेत थिए । त्यसबेला ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग, पेन्सन, बोनस जस्ता जीवनयापनका लागि आवश्यक विभिन्न मागहरू राखेर महिला मजदुरसमेत आन्दोलित भएको इतिहास छ । यसखालका मजदुर, महिला आन्दोलनहरू विशेष किसिमले विगतमा ८ मार्चमा हुने गरेको पाइन्छ । जसको परिणामस्वरूप समाजवादी महिला मजदुर नेतृ क्लारा जेट्किनको नेतृत्वमा पोल्याण्डको राजधानी कोपनहेगनमा भएको सम्मेलनले उनलाई अभियानको नेतृत्व सुम्पियो । यसरी ८ मार्चको ऐतिहासिक संघर्षशील मजदुर आन्दोलनको परम्परालाई निरन्तरता दिनका लागि यस दिनलाई अन्तर्राष्ट्रिय महिला (नारी) दिवसका रूपमा मनाउने परम्परा शुरु भयो ।

नेपालमा पनि पञ्चायत कालमा देखाउनका लागि मात्र भएपनि नारी दिवस भनेर दरवारिया महिला जुटेर कार्यक्रम गर्ने गर्दथे भने श्रमिक महिलाहरूले छुट्टै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरेको पाइन्छ । क्रमशः बदलिदो राजनीतिक परिवेशअनुरुप विगतमा बन्द कोठामा गरिने कार्यक्रम खुला ढंगले गर्न थालियो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि नेपाली नारीहरू राज्यका विभिन्न तह र तप्कामा पुग्न सफल भएका छन् । यद्यपि कतिपय नेपाली महिलाहरू अझै पनि अधिकारबारे अनभिज्ञ छन् भने कतिपय यो वा त्यो नामबाट सामाजिक बहिष्करणमा परेको अवस्था छ । संविधानतः उनीहरूलाई समेत सक्षम र सबल तुल्याउन ८, मार्चले सन्देश दिने गरेको छ । हाम्रो तानसेन नगर सरकारले हरेक तहका महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक मूलप्रवाहमा सामेल गराउँदै विकासको प्रतिफल सबैमा पुगोस् भन्ने ध्येय राखेर सोही अनुसार कार्यक्रम कार्यान्वयनको चरणमा उत्रिएको छ । हरेक विकास अभियानमा सहभागी गराउन तथा घरपरिवार र समुदायमा नारीलाई सहकर्मी र सहयात्रीका रूपमा सम्मान गर्न तथा नारीपुरुष बराबरी सन्देश व्यवहारमा उतार्नसमेत सम्पूर्ण नगरबासीसमक्ष आग्रह गर्दछौं ।

ऐतिहासिक महत्व बोकेको अन्तर्राष्ट्रिय नारी दिवस (८ मार्च) २०२१ का अवसरमा यो पर्व भव्यतासाथ सम्पन्न होस् भन्ने शुभेच्छासहित ८ मार्चको मर्म आत्मसात गर्दै नेपालको संविधानअनुरूप समाज विकासको मूलप्रवाहमा अगाडि बढ्न समस्त नेपाली नारीहरूलाई अपिल गर्दछौं ।

Mayor

अशोककुमार शाही, नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार




Scanned with CamScanner